# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## लालबन्दी, सर्लाही
## २ नं. प्रदेश, नेपाल

## IT Officer भर्ना सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७४/१०/१२

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) अन्तर्गत यस कार्यालयमा एक जना सूचना प्रविधि अधिकृत (IT Officer) को आवश्यकता रहेकोले, योग्यता पुगेका नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा दरखास्त आह्वान गरिन्छ ।

तपशिल :

१. **पद** : सूचना प्रविधि अधिकृत

२. **आवश्यक संख्या** : १ (एक)

३. **शैक्षिक योग्यता** : सूचना प्रविधि अधिकृतको शैक्षिक योग्यता लोक सेवा आयोगले लिने कम्प्युटर अधिकृत पदको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट **Computer Information and Communication Technologics** वा सो सरहको विषयहरू मध्ये कुनै एक विषय लिई स्नातक (**BIT, BIM, BBIS,BCA BCIS, BEIT, Bsc,IT, Bsc CSIT**) गरेको उपाधिलाई आधार मानिनेछ ।

४. **आवेदन दिने तरिका** : आवश्यक कागजात सहित तोकिएको शुल्क राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी सर्लाही स्थित यस कार्यालयको नाममा रहेको मूल संचित कोष खाता नम्बर १२८०३०४०१८१०२ मा जम्मा गरी भौचर संलग्न राखी आवेदन दिनु पर्नेछ ।

५. **आवश्यक कागजातहरू** : व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्रहरू, नेपाल बाहिरबाट शिक्षा हासिल गरेकाहरूको हकमा सो प्रमाणपत्रहरूको नेपालको विश्वविद्यालयबाट समकक्षता निर्धारण गराएको प्रमाणपत्र, कार्य अनुभव भए कार्य अनुभवका प्रमाणपत्रहरू तथा अन्य कागजातहरू ।

६. **कार्य शर्तहरूको विवरण (TOR)** : संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) ले स्वीकृत गरेको **TOR** बमोजिम हुनेछ ।

७. **आवेदन शुल्क** : रू.१०००।०० (एक हजार मात्र)

८. उम्मेदवार छनौटका आधारहरू देहाय बमोजिम हुनेछ ।

| क्र.सं. | सूचकहरू | पुर्णाङ्क |
|---|---|---|
| १ | शैक्षिक योग्यता | ३० |
| २ | कार्य अनुभव (सूचना अनुसार न्यूनतम शैक्षिक योग्यता हासिल गरे पश्चात) | ४० |
| ३ | उम्मेदवारको स्थायी ठेगाना | २० |
| ४ | २ वर्ष भन्दा माथि स्थानीय शासन सामुदायिक विकास कार्यक्रम ICT Volunter वा Expert वा अन्य कुनै सामुदायिक विकास कार्यक्रममा सूचना प्रविधी अधिकृतको रूपमा कार्य गरेको । | १० |

९. करार अवधि : २०७५ असार मसान्त सम्म ।

१०. तलब स्केल : मासिक रू.४०,०००।००

११. आवेदन दिने अन्तिम मिति : २०७४।१०।२६

सम्पर्क मितिः२०७४।१०।२९

सूचनामा उल्लेखित भए बाहेकका अन्य कुराहरू संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय विकास मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम **LGCDP** को निति निर्देशन तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत